# राष्ट्रिय विकास समस्या समाधान समितिको २०७३ बैशाख २१ मा बसेको ३६ सौं बैठकले गरेका निर्णयहरु

१. जिल्ला सडक सञ्जालमा पर्ने सडक र पूलहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई प्राविधिक जनशक्ति र उपकरण सहित हस्तान्तरण गर्ने । राष्ट्रिय यातायात नीति अनुरुप रणनैतिक सडक र पुलहरुको निर्माण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट गर्ने । नगर क्षेत्रभित्रका सडकहरुको निर्माण गर्ने जिम्मेवारी सहित बजेट सम्बन्धित नगरपालिकामा हस्तान्तरण गर्ने ।

२. कतिपय विकास आयोजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण नमिलेको भन्ने विषय केही मन्त्रालयहरुबाट उठ्ने गरेकाले राष्ट्रिय योजना आयोगबाट निर्धारित प्राथमिकीकरणका आधारहरु अन्तर्गत रही सम्बद्ध निकायले पुन:प्राथमिकीकरण गरी ३ दिनभित्र आयोगमा पठाउने र आयोगले पुनरावलोकन गरी आगामी आ.व. को बजेटमा नै प्राथमिकीकरण संशोधन हुने व्यवस्था मिलाउने ।

३. मुक्त कमैया र मुक्त हलियाको पुन:स्थापना गर्ने कार्य निकै लामो समयदेखि टुंगिन नसकिरहेको हुँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आवश्यक कार्यक्रम तथा बजेट प्रस्ताव गरी आ.व. २०७३/७४ भित्रै पुन:स्थापना कार्य सम्पन्न गर्ने । यसैगरी मध्य तराइमा रहेका हरुवा चरुवाहरुको मुक्तिका लागि पनि कार्यक्रम अघि बढाउने ।

४. शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको शान्तिकालागि विकास कार्यक्रममा नयाँ आयोजना थप गर्नुभन्दा क्रमागत आयोजना सम्पन्न गर्न प्राथमिकता दिने ।

५. श्रम तथा रोजगार सूचना केन्द्रहरु प्रभावकारी हुन नसकेकाले श्रम तथा रोजगार मन्त्रालयले २ महिनाभित्र स्पष्ट कार्ययोजना सहित प्रभावकारी रुपमा रोजगारदाता र बेरोजगार व्यक्तिहरुबीच सूचना आदान प्रदान गर्न ती कार्यालयहरुलाई सुदृढ गरी परिचालन गर्ने ।

६. विभिन्न निकायबाट सञ्चालित तालिममा दोहोरोपना रहेको र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम नीतिले तालिम कोष खडागरी सबै तालीमको श्रोत परिचालन र सञ्चालन गर्ने व्यवस्था गरेको सन्दर्भमा राष्ट्रिय योजना आयोगका शिक्षा हेर्ने माननीय सदस्यको संयोजकत्वमा शिक्षा, उद्योग, संस्कृति तथा पर्यटन र श्रम तथा रोजगार मन्त्रालयका सचिवहरु सदस्य र आयोगको सचिवालयको शिक्षा हेर्ने सहसचिव सदस्य सचिव रहेको कार्यदल गठन गरी आगामी आ.ब. मै सुधार गर्न सकिने विषयहरु २ हप्ताभित्र र अन्य विस्तृत नीतिगत तथा संस्थागत व्यवस्थासम्बन्धी सुझाव २ महिनाभित्र लिई कार्यान्वयन गर्ने ।

७. विषयगत मन्त्रालयहरुले हाल संचालित आयोजनाको वर्गीकरण गरी स्थानीय तहबाट कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रम बजेट र मार्गदर्शन उपलब्ध गराई स्थानीय तहबाटै कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं

८. सूचना तथा सञ्चार मन्त्रालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी श्रोत, साधन, जिम्मेवारी र उत्तरदायित्व सहित टेलिसेन्टर र अतिरिक्त हुलाकको निक्षेपण गर्ने ।

९. सुरक्षण मुद्रण स्थापनासम्बन्धी कार्यक्रम कार्यान्वयनमा आउन नसक्नुका कारणहरु समीक्षा गरी उपयुक्त संरचना र कानूनी व्यवस्था तथा व्यावहारिक कार्ययोजना सहित सुरक्षण मुद्रण स्थापना गर्ने कार्य तुरुन्तै प्रारम्भ गर्ने ।

१०.सिंचाइ हुने कृषि भूमि अन्य प्रयोगमा जाने क्रम जारी रहेको सन्दर्भमा कृषि जमिनको खण्डीकरण तथा अन्य उपयोगलाई निरुत्साहित गर्न भू-उपयोग नीति र सिंचाइ नीति २०७० प्रभावकारी रुपमा लागू गर्न सम्बद्ध सबै निकायहरुले कार्यक्रम राखी कार्यान्वयन गर्ने ।

११.जनता आवास कार्यक्रमअन्तर्गत लाभग्राहीको आफ्नै नाउँमा जग्गा नभएको कारणले कार्यान्वयनमा समस्या परेको देखिएकाले लक्षित वर्गका परिवारको नाममा जग्गा नभए पनि हाल जहाँ जुन अवस्थामा बसोवास गरिरहेका छन् त्यहीँनै आवास बनाइदिने व्यवस्था मिलाउने ।

१२. आपूर्ति व्यवस्थालाई सहज र व्यवस्थित बनाउन तथा बढ्दो व्यापार घाटालाई कम गर्नका लागि वाणिज्य नीति, २०७२ र आपूर्ति नीति २०६९ सँग सम्बन्धित नीति तथा रणनीतिहरुको कार्यान्वयनमा सम्बद्ध सबै मन्त्रालयहरुले सहयोग पुऱ्याउने । यसैगरी इन्धन लगायत अत्यावश्यक वस्तुहरुको भण्डारण क्षमता बृद्धि गर्न आगामी आ.व.मा प्राथमिकताका साथ कार्यक्रम राख्ने ।

१३. वन क्षेत्रको अतिक्रमण रोकी वनको सुरक्षा, संरक्षण र सदुपयोग गर्न वन तथा भू-संरक्षण मन्त्रालय सक्रियताका साथ लाग्ने । अतिक्रमण रोक्ने कार्य राजनीतिक विषय पनि भएकाले राजनीतिक तहमा सहमति जुटाउन पहल गर्ने ।

१४. महाकाली सिं.आ. (तेस्रो चरण) निर्माणको क्रममा रहेकोमा उक्त आयोजना क्षेत्रमा लामो समयदेखि ऐलानी, पर्ती जग्गामा बसेका र फिल्डबुकमा नाम भएका तर जग्गाधनी प्रमाण पूर्जा प्राप्त गर्न नसकेका व्यक्तिहरुलाई क्षतिपूर्ति रकम प्रदान गरी काम अघि बढाउन आवश्यक भएकोले यस सम्बन्धमा सिंचाइ मन्त्रालयले उल्लिखित व्यवस्था सहित आयोजनाको काम छिटोछरितो संचालन गर्ने व्यवस्था मिलाउने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने ।

१५. पुन:निर्माणका सम्बन्धमा देहाय बमोजिम गर्ने

(क) राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले स्रोत तथा खर्च शीर्षक मिलान गर्नुपर्ने भए अर्थ मन्त्रालयको सहमति लिई तुरुन्त मन्त्रालय/निकायहरुलाई अख्तियारी पठाउने ।

(ख) मन्त्रालय/निकायहरुले चालू आ.ब.को बाँकी अवधिमा सम्पन्न गर्न सकिने कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन र आगामी आ.ब.मा संचालन गर्ने पुन:निर्माणसम्बन्धी कार्यक्रम तथा बजेट यथाशीघ्र प्राधिकरणमा पेश गर्ने ।